# सैनिक मनोरञ्जन अनुदान (प्रदान गर्ने) नियमहरू, २०२१

नेपाल राजपत्रमा प्रकाशित मिति

२०२१।१२।३०

संशोधन

| | | |
|---|---|---|
| १. | सैनिक मनोरञ्जन अनुदान (प्रदान गर्ने) (पहिलो संशोधन) नियमहरू, २०२६ | २०२६।२।२७ |
| २. | सैनिक मनोरञ्जन अनुदान (प्रदान गर्ने) (दोस्रो संशोधन) नियमहरू, २०३४ | २०३५।१।४ |
| ३. | सैनिक सम्बन्धी केही नियमहरुलाई संशोधन गर्ने नियमावली, २०७० | २०७०।१।३० |

सैनिक ऐन, २०१६ को दफा १६५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ ।

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भः** (१) यी नियमहरूको नाम "सैनिक मनोरञ्जन अनुदान (प्रदान गर्ने) नियमहरू, २०२१," रहेको छ ।

[∞](२) यी नियमहरू नेपाली सेनाका सुवेदार, जमदार अरू दर्जा (कम्वाटेण्ट) र एन. सी. (नन कम्वाटेण्ट) लाई लागू हुनेछ ।

(३) यी नियमहरू तुरुन्त प्रारम्भ हुनेछन् ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यी नियमहरूमा—

∞ पहिलो संशोधनद्वारा संशोधित ।



नेपाल कानून आयोग

(क) ✂................

(ख) "मनोरञ्जन अनुदान" भन्नाले नेपाली सेनाका जवानहरूको मनोरञ्जनको निमित्त चाहिने सामानहरू जस्तै खेलकुद, बाजा, रेडियो, रेकर्ड प्लेयर, समाचार पत्र र किताब आदिमा खर्च गर्न पनि प्रदान गरेको सुविधालाई सम्झनु पर्छ ।

३. **<u>मनोरञ्जन सुविधा पाउने र माग गर्नुपर्ने सम्बन्धमाः</u>** मनोरञ्जन सुविधा सेनाको व्याटल अर्डर (Battle order) मा तोकिएको फर्मेशन, युनिट, सवयुनिटको नफ्री बमोजिम दिइनेछ ।

४. **<u>मनोरञ्जन अनुदान पाउनेः</u>** (१) इस्टाब्लिसमेण्ट बमोजिम फर्मेशन, युनिट सवयुनिटको तफ्रीलाई मात्र मनोरञ्जन सुविधाको अधिकार प्राप्त हुनेछ ।

(२) प्रत्येक व्यक्तिलाई वर्षको ♣<u>तीन रुपैयाँको</u> दरले मनोरञ्जन सुविधा प्रधान गर्न सकिनेछ ।

(३) कुनै युनिटको तफ्री एक सय जवानभन्दा घटी भएमा उक्त सवयुनिटले पाउने रकममा रु. ५०। पचास रुपैयाँसम्म थप र तीन सय सम्म तफ्री भएका सवयुनिटलाई रु. २५। पच्चीस रुपैयाँसम्म थपको दरले सुविधा रकम प्रदान गर्न सकिने छ ।

(४) सैनिक अस्पतालको इस्टाब्लिसमेण्टले पाउने मनोरञ्जन सुविधाको अतिरिक्त वार्षिक मनोरञ्जन रकम रु. २००।— दुईसय रुपैयाँ रोगीहरूको निमित्त छुट्टै थप गर्न सकिनेछ ।

(५) दुर्गमस्थान वा अनकण्टार वा एकलासे ठाउँमा साना साना टुकडिमा रहेको नेपाली सेनाका अड्डहरूको निमित्त आफ्नो युनिट वा सवयुनिटबाट पाउने मनोरञ्जन सुविधाको थपमा वार्षिक खर्च रु. ५०।— पचास रुपैयाँसम्म छुट्टै थप दिन सकिनेछ ।

---

✂ सैनिक सम्बन्धी केही नियमहरुलाई संशोधन गर्ने नियमावली, २०७० द्वारा झिकिएको ।

♣ दोस्रो संशोधनद्वारा संशोधित ।

(६) जंगी अड्डा वा कुनै फर्मेशनद्वारा प्रतियोगितात्मक खेलकुद वा कुनै किसिमको मनोरञ्जन कार्य गर्न गराउन परेमा रु. २०००।— दुई हजार रुपैयाँसम्म विशेष मनोरञ्जन सुविधाको निमित्त ~~जङ्गी अड्डा~~लाई जिम्मा दिन सकिनेछ ।

५. **अन्य व्यवस्था मिलाउने अधिकार:** यी नियमहरू बमोजिम व्यहोरिने रकमको बाँडफाँड र अन्य व्यवस्था मिलाउने अधिकार प्रधान सेनापतिमा निहीत रहनेछ ।

तर आवश्यक परेमा निजले यस कामको निमित्त तोकेको कुनै अधिकृत वा विभागलाई सुम्पन सक्नेछ ।

६. **स्वीकृत बजेटको रुपैयाँको व्यवस्था:** (१) आर्मि सप्लाई डिपोले स्वीकृत बजेट बमोजिमको रकम कौसीतोषा खाना मार्फत् जिम्मेवारी लिनेछ र सो रकम प्रधान सेनापतिको नाउँमा हस्तेवारी खर्च लेखिने छ ।

७. **मिन्हा गर्ने अधिकार:** यी नियमहरूको अधिनमा रही प्रधान सेनापतिले स्वीकृत बजेटको अंकमा ननाघ्ने गरी सो मनोरञ्जन अनुदानको रकम बाँडफाँड गर्न सक्नेछ र सो रकम खर्च भएको मनासिब बेमनासिब जाँची वा जँचाई ठीक ठहराएमा मिनाहा गर्न सक्नेछ ।

---

~ सैनिक सम्बन्धी केही नियमहरुलाई संशोधन गर्ने नियमावली, २०७० द्वारा संशोधित ।

टिप्पणी:— १. केही नेपाल कानून (संशोधन) ऐन, २०२४ द्वारा "अफिसर" को सट्टा "अधिकृत", सैनिक (दोस्रो संशोधन) ऐन, २०४० द्वारा "आर्मि" को सट्टा "सेना" तथा सैनिक (तेस्रो संशोधन) ऐन, २०४० द्वारा "शाही सेना" को सट्टा "शाही नेपाली सेना" राखी रूपान्तर गरिएको ।

२. केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा "श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार" राखी रूपान्तर गरिएको ।

३. सैनिक ऐन, २०६३ द्वारा "शाही नेपाली सेना" को सट्टा "नेपाली सेना" राखी रूपान्तर गरिएको ।

४. सैनिक सम्बन्धी केही नियमहरुलाई संशोधन गर्ने नियमावली, २०७० द्वारा नियमहरुको ठाउँ ठाउँमा रहेको "शाही" भन्ने शब्द झिकिएको ।